बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी बिकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# बाख्रा विकास फार्म

चित्लाङ्ग , मकवानपुर

**डेरीगोट समूहलाई चिज उत्पादन अभिबृद्धिको लागि सहकार्यमा कोल्ड रुम निर्माण कार्यक्रममा प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

प्रकाशित मिति: २०८१/१२/२९ गते

यस बाख्रा विकास फार्म, चित्लाङ्ग, मकवानपुरको आ.व. २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार डेरीगोट समूहलाई चिज उत्पादन अभिबृद्धिको लागि सहकार्यमा कोल्ड रुम निर्माण कार्यक्रम (स्वीकृत बजेट रु. ३ लाख) मा ५० प्रतिशत लागत साझेदारीमा सहभागी हुन इच्छुक पहिलो चरणमा गठन गरिएका बाह्य श्रोत बाख्रापालन समूहहरुलाई तपशिलमा उल्लेखित आवश्यक कागजातहरु सहित ७ (सात) दिन (मिति २०८२/०१/०४) भित्र प्रस्ताव पेश गर्नको लागि यो सूचना प्रकाशन गरिएको छ । रितपुर्वक पेश नभएका तथा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरुलाई छनौट प्रक्रिया समावेश गराउन नसकिने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपशिल:

१. रु.१० को हुलाक टिकट सहितको आवेदन
२. समूह दर्ता/नविकरण, स्थायी लेखा नम्बर र आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
३. कार्यक्रममा सहभागी हुने सम्बन्धमा समूह बैठकको निर्णयको प्रतिलिपि
४. कोल्ड रुम निर्माणको लागत अनुमान
५. सम्बन्धित वडा कार्यालयको सिफारिस (कार्यक्रममा सहभागी गराइदिने सम्बन्धमा)
६. अन्य कागजात (चिज उत्पादन कार्यको अनुभव सम्बन्धी प्रमाण आदि)

डा. सन्दीप सिलवाल
फार्म प्रबन्धक